# प्रेस विज्ञप्ति

जलस्रोत सम्बन्धी नेपाल भारत संयुक्त स्थायी प्राविधिक समिति (JSTC) को बैठक मिति २०७० भाद्र २७ र २८ गते काठमाण्डौमा सम्पन्न भयो । उक्त बैठकमा १३ सदस्यीय नेपाली प्रतिनिधि मण्डलको नेतृत्व सिंचाइ विभागका महानिर्देशक श्री शिव कुमार शर्माले गर्नु भएको थियो भने १२ सदस्यीय भारतीय प्रतिनिधि मण्डलको नेतृत्व केन्द्रीय जल आयोग तथा गंगा बाढी नियन्त्रण आयोगका अध्यक्ष श्री विभास कुमारले गर्नु भएको थियो ।

उक्त बैठकमा जलस्रोत सम्बन्धी द्विपक्षीय आयोजनाहरुका कृयाकलापहरुमा हालसम्म भएका कार्यहरुको पुनरावलोकन एवं समग्रमा जलस्रोत, विद्युत्, बाढी पूर्वानुमान तथा नदी नियन्त्रण सम्बन्धी विषयहरुमा छलफल भयो ।

बैठकमा महाकाली सन्धी अन्तर्गत पंचेश्वर बहुउद्देश्यीय आयोजना, टनकपुर बराजको नेपालतर्फको हेडरेगुलेटरको सिल लेभल तथा चाँदनी दोधारा क्षेत्रमा सिंचाइ सुबिधा उपलब्ध गराउने विषयहरु, सप्तकोशी उच्च बाँध बहुउद्देशीय आयोजना एवं सुनकोशी कमला डाईभर्सन आयोजनाको अध्ययन कार्य तथा कोशी र गण्डक आयोजना सम्बन्धी विषयहरुका बारेमा छलफल भयो ।

यसै गरी, दोस्रो अन्तरदेशीय विद्युत् प्रसारणलाइन, अन्तरदेशीय विद्युत् व्यापार, तथा इनर्जि बैंकिङ्ग जस्ता विषयहरुलाई अगाडि बढाउने सन्दर्भमा वार्ता भयो ।

चालू मनसुनमा महाकाली नदीमा आएको बाढीले गरेको कटान एवं क्षति सम्बन्धमा छलफल भई बाढीजन्य सूचना प्रवाहकालागि स्थानीयस्तरमा संयन्त्र निर्माण गर्ने सहमति भयो ।

लालबकैया, बागमती र कमला नदीहरुमा हाल निर्माणाधीन नदी नियन्त्रण कार्यहरुको समिक्षा गरियो । खाँडो, बलान, लखनदेही, भ्रीम र रातो नदीहरुको नदी नियन्त्रण तथा तटबन्ध निर्माण गर्ने नेपाली पक्षको प्रस्तावमा छलफल भयो ।

बैठक सौहार्दपूर्ण वातावरवणमासम्पन्न भयो । बैठकको पूर्ण छलफल एवम् निर्णय (Minutes) सिंचाइ मन्त्रालय, ऊर्जा मन्त्रालय तथा सिंचाइ विभागको वेव साईट (www.moir.gov.np , www.moen.gov.np , www.doi.gov.np) मा राखिएको छ ।